बैठक नं. ९०

आज मिति २०८० साल वैशाख महिना २९ गतेका शुक्रबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री हरि प्रसाद न्यौपानेज्यूको अध्यक्षता मा ९० औं कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि प्रसाद न्यौपाने | नगर प्रमुख | |
| २ | पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | तिल प्रसाद काफ्ले | नगर प्रवक्ता एवम् वडा अध्यक्ष | |
| ४ | कृष्ण बहादुर के.सी. | वडा अध्यक्ष | |
| ५ | शरद प्रसाद घिमिरे | वडा अध्यक्ष | |
| ६ | होमनाथ पौडेल | वडा अध्यक्ष | |
| ७ | गिर बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | |
| ८ | कृष्ण प्रसाद सापकोटा | वडा अध्यक्ष | |
| ९ | मिन बहादुर सोती मगर | वडा अध्यक्ष | |
| १० | भुमिसरा आले | वडा अध्यक्ष | |
| ११ | नुन प्रसाद बाचे | वडा अध्यक्ष | |
| १२ | बलि राम सापकोटा | वडा अध्यक्ष | |
| १३ | रेप्ती कुमार घर्ती | वडा अध्यक्ष | |
| १४ | लोक प्रसाद भुर्तेल | वडा अध्यक्ष | |
| १५ | एकदेव पौडेल | वडा अध्यक्ष | |
| १६ | गोपाल थापा | वडा अध्यक्ष | |
| १७ | सुरेश कुमार रानाभाट | वडा अध्यक्ष | |
| १८ | केशव राज गौतम | वडा अध्यक्ष | |
| १९ | गणेश शर्मा चालिसे | वडा अध्यक्ष | |
| २० | गोमा देवी पौडेल | कार्यापालिका सदस्य | |
| २१ | मधु माया गुरुङ | कार्यापालिका सदस्य | |
| २२ | फुल माया वि.क. | कार्यापालिका सदस्य | |
| २३ | पार्वती कंडेल | कार्यापालिका सदस्य | |
| २४ | जानकी देवी गुरौ (लामिछाने) | कार्यापालिका सदस्य | |
| २५ | विद्या बहादुर विश्वकर्मा | कार्यापालिका सदस्य | |
| २६ | जय बहादुर वि.क | कार्यापालिका सदस्य | |
| २७ | गीता देवी बोटे | कार्यापालिका सदस्य | |
| २८ | श्री मोहन प्रसाद मरासिनी | सदस्य सचिव | |

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

२० औं कार्यपालिका बैठक/२०८० बैशाख २९ गते

छलफलका विषय

१। ट्रमा सेन्टरको लागि जग्गा सिफारिश सम्बन्धमा,

२। भुमि आयोगमा जग्गा नापजाचका लागि सिफारिश पठाउने सम्बन्धमा,

३। विधायन समितिबाट पेश भएका ऐन, नियम, कार्यविधि संसोधन सम्बन्धमा,

४। कारितास नेपालको कार्यक्रम सम्बन्धमा,

५। विविध

देवचुली नगरपालिकाको बीसौं कार्यपालिका बैठकबाट देहायका निर्णयहरु सर्बसम्मत रुपमा गरियो ।

१। उन्नाइसौं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु तत्काल कार्यान्वयनमा लैजान कार्यालयलाई निर्देशन दिने ।

२। देवचुली नगरपालिका वडा नं. १६ र १७ को वडास्तरीय भुमि सहजीकरण समितिबाट शिफारिश भै आए बमोजिम नगरपालिका स्तरीय भुमि सहजीकरण समितिबाट निर्णय भएका क्षेत्र र स्थानको जग्गाको नापजाचका लागि जिल्ला भुमि आयोगमा लेखि पठाउने ।

३। विधायन समितिबाट पेश भएको न्यायीक समिति कार्यविधि, २०७९ लाई स्वीकृत गर्ने,

४। विधायन समितिबाट पेश भएको विपद् व्यवस्थापन कोष (संचालन) कार्यविधि, २०७९ लाई स्वीकृत गर्ने,

५। विधायन समितिबाट पेश भएका देहायका ऐन, नियम, कार्यविधि तथा मापदण्ड संसोधन गर्ने,

क. जलश्रोत नियमावली, २०७८ नियम ६ को उपनियम २ मा (क) थप गर्ने,

- उपनियम २ अनुसार दर्ता प्रमाणपत्रको लागि निवेदन दिएमा रु. ५०० लिई दर्ता प्रमाण पत्र लिनुपर्नेछ ।
- प्रत्येक आर्थिक बर्ष सकिएको पहिलो ३ महिना भित्र नविकरण शुल्क लिई नविकरण गर्नुपर्नेछ । तोकिएको समयमा नविकरण नभएमा दर्ता शुल्कमा प्रतिबर्ष थप २० %जरिबाना लाग्नेछ ।

ख. नियम ६ को उपनियम ३ मा ३ (क) थप :

- उपनियम ३ बमोजिम दर्ता भएका संस्थाहरुको हकमा आर्थिक बर्ष ०७८/०७९ सम्म नविकरण भएको भएमा प्रतिवर्ष नविकरण शुल्क रु. ५०० लिई नविकरण गरिनेछ र नियमित नविकरण नभएको संस्थाको हकमा प्रथम पटक नविकरण तथा जरिबाना शुल्क एकमुष्ट रु. १५०० लिई दोश्रो पटक बाट नियमित नविकरण शुल्क रु. ५००।० लिई नविकरण गर्ने,

ग. नदिजन्य पदार्थ (संकलन र उपयोग) विक्री वितरण सम्बन्धी मापदण्ड, २०७७ :

- दफा १७ को उपदफा ९ र दफा ११ को उपदफा (१) मा १०० मिटर उल्लेख भएकोमा सार्वजनिक जग्गाबाट १० मिटर र खोला/खोल्साको किनाराबाट ५० मिटर कायम गर्ने,

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

घ. हेभी इक्युपमेन्ट संचालन कार्यविधि, २०७४ :

- बुदाँ नं. ६ को (ग) संग सम्बन्धित अनुसुची १ मा उल्लेख भएको ब्याकहु लोडरको भाडा प्रतिघंटा रु. १८००।० को सट्टा इन्धन सहित प्रतिघंटा रु. २५००।० कायम गर्ने

ङ. नक्सापास मापदण्ड : घरनक्सा पास सम्बन्धी मापदण्डलाई देहाय बमोजिम कायम गर्ने,

| क्षेत्र / वर्ग | पहिला | हाल |
|---|---|---|
| 'क' | १) पूर्व पश्चिम लोकमार्गसँग जोडिएका | १) पूर्व-पश्चिम राजमार्ग<br>२) दलदलेदेखि धारापानी सम्मको |
| 'ख' | १) धारापानी चोक देखि उत्तर मुण्डे चोकसम्म<br>२) हेल्थपोष्ट चोकदेखि दक्षिण मिलन चोकसम्म<br>३) केउरेनी चोक देखि आमबास चोक हुँदै चौधरी उद्योग उत्तर तर्फबाट हमाल चोक र त्यसबाट दक्षिण राम मन्दिर सम्म<br>४) दुम्कौली चोकबाट उत्तरमा चिम्नी भट्टा सम्म र दक्षिणमा अमृत टोलको बद्री कोइरालाको घरसम्म<br>५) हमाल चोकबाट उत्तर कुश्वेरी खोल्सी हुँदै त्यसबाट पश्चिम परानपुर चोकसम्म<br>६) आम्बास चोकबाट उत्तर कदमपुर चौतारा र त्यसबाट पूर्व परानपुर चोकसम्म<br>७) परानपुर चोकबाट दक्षिण ढोकान चोक सम्म | १) पूर्व-पश्चिम राजमार्ग देखि उत्तर २०० मिटर सम्मका सबै सडक खण्ड<br>२) १० मिटर र सो भन्दा माथिका सबै कालोपत्रे सडक |
| 'ग' | १) साविक देवचुली र दिव्यपुरी गा.वि.स. को माथि आएका 'क', 'ख' र 'घ' वर्गको क्षेत्र बाहेकका क्षेत्र | १) देवचुली नगरपालिका अन्तरगत सम्पूर्ण कालोपत्रे बाटाहरु ('क' र 'ख') भन्दा बाहेकका |
| 'घ' | १) वडा नं. ५ को मृदुङ खोला र बन्दीपुर<br>२) वडा नं. ६ को मृदुङ, कुम्सोत र किर्तिपुर | १) माथि 'क', 'ख' र 'ग' मा उल्लेख गरेको भन्दा बाहिरका अन्य बाटाहरु |

च. देवचुली नगरपालिका नगर कार्यपालिकाको मिति २०७७/८/२८ गतेको बैठकबाट स्वीकृत संक्षिप्त बातावरणीय अध्ययन तथा प्रारम्भिक बातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ३ को उपदफा ४ संग सम्बन्धित अनुसुची १ को बातावरणीय अध्ययनको सिमा (थ्रेसहोल्ड) अन्तर्गत दैनिक ५० घनमिटर सम्म ढुङ्गा/बालुवा, ग्राभेल, औद्योगिक माटो, साधारण माटो उत्खनन गर्ने कार्यको संक्षिप्त बातावरणीय अध्ययन गरिनुपर्ने उल्लेख भएकोमा ५० घन मिटर भन्दा माथिको परिमाणमा उत्खनन हुने भएमा बातावरणीय परिक्षणको प्रक्रिया पुर्‍याउनु पर्ने र सो भन्दा कम

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

परिमाणको हकमा सम्बन्धित वडाको शिफारिश, प्राविधिकको स्थलगत प्रतिवेदनका आधारमा नियमानुसार राजश्व लिई अनुमति दिने व्यवस्था गर्ने,

६। जलबायु परिवर्तनका कारण कृषि उत्पादनमा पर्ने प्रभाव अध्ययन गरी कृषि उत्पादनमा बृद्धि गर्ने खालका क्रियाकलाप संचालन गर्न कारितास नेपालले प्रस्ताव पेश गरेको सन्दर्भमा छलफल हुँदा कार्यक्रमका बारेमा नगर कार्यपालिकामा प्रस्तुतीकरण गर्न निर्देशन दिने र प्रस्तुतीकरण पश्चात थप प्रक्रिया अगाडी बढाउने ।

७। विविध

क. गर्मी मौसममा आगालागीका घटनाहरु घटिरहने र नगरपालिकामा अग्नी नियन्त्रक यन्त्र ( दमकल) नभएका कारण कावासोती वा भरतपुरबाट मगाउदा देबचुली सम्म आइपुग्न धेरै समय लाग्ने कारण आगालागीबाट ठुलो क्षति भैसक्ने भएकोले आपतकालीन अवस्थामा तत्काल उद्धार कार्यमा सहयोग पुर्‍याउन फलामे टयाङ्की बनाई टयाक्टर मार्फत आगालागीका घटनामा आगो निभाउन प्रयोगमा ल्याउने गरी फलामे टयाङ्की बनाई प्रयोगमा ल्याउन कार्यालयलाई निर्देशन दिने । टयाङ्की निर्माण खर्च विपद् व्यवस्थापन शिर्षकबाट बेहार्ने,

ख. अमर सामुदायिक बनमा मिति २०७९ चैत्र २५ गते भएको आगालागी नियन्त्रण गर्न आगो निभाउने क्रममा बनमै ढली उपचारको क्रममा मृत्यु भएका देबचुली नगरपालिका वडा नं. १२ का नेत्र भुसालको परिबारलाई आर्थिक सहयोग स्वरुप विपद् व्यवस्थापन शिर्षकबाट रु. ५००००।० आर्थिक सहयोग गर्ने,

ग. सामुदायिक बनमा भएको आगालागी नियन्त्रण गर्न जाने क्रममा आगोको ज्वालामा परी मृत्यु भएका देबचुली नगरपालिका वडा नं. १७ का दामोदर.... को परिबारलाई आर्थिक सहयोग स्वरुप विपद् व्यवस्थापन शिर्षकबाट रु. १०००००।० आर्थिक सहयोग गर्ने,

घ. गण्डकी प्रदेश सरकारबाट जारी भएको गाउँ सभा, नगर सभा जिल्ला समन्वय समितिका सदस्यले पाउने सेवा सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार देबचुली नगरपालिकाका सबै जनप्रतिनिधीहरुको जीवन बीमा गरिएको हुनाले सो बीमा गरेबापत महालक्ष्मी लाइफ इन्स्योरेन्स कम्पनीलाई दिइएको भुक्तानी रकमलाई अनुमोदन गर्ने,

ङ. आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रमलाई समयमै तयार गरी विषयगत समितिहरुमा छलफल गराउन, बजेट तर्जुमा समितिबाट पारित गराई कार्यपालिकामा पेश गर्ने गरी खाका तयार गर्न कार्यालय समयमा मात्र खटिएर नभ्याइने हुनाले विहान, साँझ तथा विदाको दिनमा समेत खटिन पर्ने र त्यसका लागि निश्चित कर्मचारीहरुलाई जिम्मेबार बनाउन पर्ने देखिएकोले देहाय बमोजिम उपसमिति बनाई कार्यजिम्मेबारी दिने ।

- मोहन प्रसाद मरासिनी–प्रमुख प्रशासकिय अधिकृत
- अविनाश पन्थी– अधिकृत सातौ

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

मोहन प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

- शिव सापकोटा–अधिकृत सातौ
- विनोद अर्याल–लेखा अधिकृत
- नन्दलाल ढकाल–अधिकृत सातौ
- संगीता पौडेल सापकोटा–अधिकृत छैठौ
- कृष्णहरी सापकोटा–सुचना प्रविधि अधिकृत
- गंगा भुसाल–सहायक पाचौ

ख. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. १६ र १७ का लागि प्रति वडा रु. २ लाख ५० हजारका दरले स्वीकृत भएको रकमको हालसम्म योजना सम्झौता नभएको र वडाबाट उक्त बजेटको सम्झौता हुन नसक्ने जानकारी प्राप्त भएकोले सो रकम वडा नं ११ र ६ का योजनामा खर्च गर्ने गरी योजना सम्झौता गर्न सम्बन्धित शाखालाई निर्देशन दिने,

ग. देबचुली नगरपालिका भित्रका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन गर्ने क्रममा यस अगाडी प्रकाशित सुचना बमोजिम केही व्यक्तिहरुको फाराम भर्न छुटको भनी गुनासो आएकोले पुन एक पटक सुचना प्रकाशन गरिदिन राष्ट्रिय भुमि आयोग समक्ष अनुरोध गर्ने,

घ. विपद् व्यवस्थापन समितिको बैठकबाट सिफारिश भएका योजनाहरुको सम्वन्धमा बास्तविक विपद्जन्य प्रकृतिका योजनाहरु पहिचान गरी अगाडी बढाउन बन बातावरण समिति र कार्यालयलाई निर्देशन दिने,

ङ. देहायका योजनाको म्याद थप कार्यालयबाट भएकोमा उक्त म्याद थपलाई अनुमोदन गर्ने,

- आ.व. ०७८/०७९ को ठेक्का नं ६ को वडा नं. ३, १३, १७ अन्तर्गतका १३ खण्ड सडक कालोपत्रेको मिति २०७९ चैत्र मसान्त सम्म,
- आ.व. ०७८/०७९ को ठेक्का नं २ को वडा नं. ५, ७, १० र १३ को रिङ्गरोड सडक अन्तर्गतका ४ खण्ड सडक कालोपत्रेको मिति २०८० जेठ मसान्त सम्म,
- आ.व. ०७८/०७९ को ठेक्का नं ५ को वडा नं. ९, १०, १५ अन्तर्गतका १ खण्ड सडक कालोपत्रेको मिति २०७९ चैत्र मसान्त सम्म,

च. नगर कार्यपालिकाको मिति २०७९ कात्तीक ३० गतेको कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार देवचुली नगरपालिका वडा नं ७ को सिताबास क्षेत्रमा योगमाया पाठक, रचना कडेल र पवित्रा सापकोटाको नाममा रहेको निजी जग्गाको माटो उत्खननका लागि कार्यालयबाट सम्झौता गरी कार्यादेश दिइएको हुँदा उक्त सम्झौता र कार्यादेशलाई कार्यपालिका बैठकबाट समर्थन गर्ने निर्णय गरियो । साथै जग्गाबालाले प्रारम्भिक बातावरणीय परिक्षण प्रतिवेदन अनुसार तोकिएका परिमाणमा माटो उत्खनन गर्न नदिएको हुँदा हालसम्म उत्खनन् भएको माटोको परिमाण एकिन गरी सोको राजश्व लिई खानी बन्द गर्ने ।

मोहन प्रसाद गरासिनी
प्रमुख प्रशासकीय अधिकृत

हरिप्रसाद न्यौपाने
नगर प्रमुख

Scanned with CamScanner